स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नेपाली फिल्मको एउटा कालखण्डमा एकछत्र राज गरेका अभिनेता राजेश हमाल ८ वर्षपछि ठूलो पर्दामा देखिँदैछन् । आगामी ९ जेठमा प्रदर्शनमा आउन लागेको फिल्म "नरसिंहा अवतार"बाट उनले अभिनयमा पुनरागमन गरेका हुन् । यसमा उनी एक्सन अवतारमा प्रस्तुत छन् । बिहीबार सावजनिक भएको ट्रेलर हेर्दा उनी अन्यायविरुद्ध लड्ने पात्रको भूमिकामा रहेको बुझ्न सकिन्छ ।

आजको विचार...



विद्यार्थी.... (दुई पेजमा)

-मिस्मा राना



परिच्छेद सेनको लेखन तथा निर्देशनमा बन्न लागेको फिल्म "महाराजधिराज"मा नाम चलेका कलाकारहरु जोडिने श्रृंखला रोकिएको छैन । पल शाह हुँदै रमेश उप्रेती र आर्यन सिग्देलपछि अब अभिनेत्री वर्षा सिवाकोटी फिल्ममा अनुबन्धित भएकी छन् । निर्माण पक्षले बिहीबार उनीसँग लिखित सम्झौता गरेको हो । उनको प्रवेशसँगै फिल्ममा कलाकारको "लाइनअप" थप बलियो बनेको छ । फिल्ममा तीनजना नायक रहेकाले वर्षाको जोडी कोसँग बाँधिनेछ भन्ने चासो दर्शकमा देखिएको छ ।

❑ वर्ष ३० ❑ अंक २८४ ❑ २०८२ वैशाख २७ गते शनिबार 10 May 2025, Saturday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# विवाह नगरी बसेका महिला, पुरुषलाई सम्मान

कृष्ण पोखरेल

**पाल्पा, वैशाख २६/**नेपाली समाजमा विवाह नगरी बस्ने महिला हुन् वा पुरुष दुवैलाई भिन्दै दृष्टि राखिन्छ । विवाह नै नगरी बसेका र कुनै समय श्रीमान वा श्रमितिसँग बसेर एक्लिएका (विशेष गरी सम्बन्धविच्छेद भएका र विधवा) एकल महिला, पुरुषप्रति समाजले हेर्ने नजर फरक छ । उमेर ढल्दै जाँदा एक्लै हुनुको पीडा एकातिर हुन्छ, त्यसमाथि परिवार र समाजबाट सान्त्वना, सहयोग, मायाको बदला दुर्व्यवहार खेप्नुपर्ने वातावरणले एकल महिला र पुरुषहरूको जीवन नारकीय बन्न पुग्छ । समाज र परिवारमा उनीहरूले स्वावलम्बी भई शिर ठाडो पारेर बाँच्न पाउने अधिकार निस्तेज पार्न अनेकौं प्रपञ्च रचिन्छ । तर जिल्लाको रिब्दीकोट गाउँपालिका -१ ख्याहाले भने खोजी - खोजी त्यस्ता व्यक्तिहरुलाई सम्मान गर्ने गरेको छ । वडा कार्यालयले समाजमा त्यस्ता व्यक्तिहरुलाई सम्मानजनक रुपमा बस्ने वातावरण सिर्जना गर्ने उद्देश्यले विवाह नगरी बसेका एकल महिला, पुरुषलाई सम्मान गर्ने गरेको हो ।

उसले वडा भित्रका एकल रुपमा बस्दै आएका १५ जना महिला तथा पुरुषलाई नगद ५ हजारसहित सम्मान गरेको छ । विवाह नगरी बसेका ३५ बर्ष भन्दा बढी उमेरका महिला र ४० बर्ष भन्दा माथिका पुरुषहरुको साथै विवाह भई श्रीमान गुमाएका ६० बर्ष भन्दा कम उमेरका एकल महिला र श्रीमती गुमाएका ७० बर्ष भन्दा कम उमेरका एकल




पुरुषहरुलाई पुरस्कृत गरिएको वडा अध्यक्ष चिरञ्जीवी पोखरेलले बताए । परिवारमा दाजु-भाई नभएका तर विवाह नगरी बाबा आमासँग बस्दै आएका एकल महिला, विवाह नगरेका पुरुष, श्रीमान तथा श्रीमती गुमाएका हामी जस्ता महिला तथा पुरुषहरुलाई सम्मान गर्नुले नेपालमै नयाँ अभ्यासको सुरुवात भएको सम्मानित एकल महिला-पुरुष बताउँछन् । "श्रीमतिको १४ बर्ष अघि मृत्यु भयो, छोरा छोरीको हेरचाहको लागि दोस्रो विवाह गरिन, अहिले नत छोरा छोरीले हेरे, नत आफन्त र सरकारले नै, आज वडा कार्यालयबाट हामी जस्ता दु:ख पाएका व्यक्तिहरुलाई नगद सहित सम्मान गरेकोमा खुसी लागेको छ" जोगीथुमका केशव कुमालले भने । वडाले आफुहरुलाई सम्मान गरेकोमा मन खुसीको भएको बन्दना सुनाले बताईन् । उनले भनिन् "मेरा कुनै दाजुभाई छैनन्, म बाबा आमालाई पालेर बसेकी थिए, बाबा आमाको मृत्यु पछी म एकल जीवन विताउदै आएकी छु । एकल रुपमा भए पनि समाजमा आफ्नो काम गरेर जिविकोपार्जन गरेकी छु ।" उनले सम्मान स्वरुप पाएको रकमले औषधी उपचार तथा आपत विपद्मा खर्च गर्ने बताइन् । वडा कार्यालयबाट गाउँमा बसेका जनतासँग जोडिने काम भएको एकल महिला शारदा सुनारले बताईन् । उनले राज्यबाट कहि कतैबाट सम्बोधनमा नपरेका हामी जस्ता एकल महिला पुरुषलाई वडाले सम्मान गरेर हौसल्ला बढाएको भन्दै एकल महिला तथा पुरुषको विषयमा संघीय सरकारले समेत नीति परिमार्जन गर्नुपर्ने आवश्यकता रहेको औल्याइन् । सम्मान कार्यक्रममा निवर्तमान वडा अध्यक्ष विष्णु प्रसाद गैरे, वडा सदस्य पवित्रा सुनार, नेकपा एमाले ख्याहाका अध्यक्ष तुल्सी प्रसाद न्यौपाने, नेपाली काँग्रेस ख्याहाका सचिव सन्तबहादुर विक, नेकपा माओवादीका ख्याहा अध्यक्ष पूर्णबहादुर वि.क. ख्याहाका पूर्व गाविस उपाध्यक्ष रामजी भट्टराई, समाजसेवी भिमलाल पाण्डे र दिवाकर पराजुली लगायतले वडा कार्यालयले जनताको हित हुने जनमुखी काम गरेको बताए । वडा अध्यक्ष चिरञ्जीवी पोखरेलको अध्यक्षता, सचिव हरिकला आचार्यको सञ्चालनमा कार्यक्रम भएको थियो । वडा कार्यालयले विगतमा पनि गाउँबाट गोरु पालन हराउदै गएको समयमा "गाउँ-गाउँमा गोरु पालन अभियान, घर-घरमा सालको टपरी निर्माण", एक सन्तानमा सिमित भएका दम्पत्तीहरुलाई "३ वटा सन्तान जन्माऔं, पुरस्कार पाऔ, घर बनाईदिन्छौ" , "जन्मघर फर्किआऊ" जस्ता अभियान चलाउँदै आएको छ ।

## संक्षिप्त समाचार

### जिप दुर्घटनामा ६ जना घाइते




पाल्पा, वैशाख २६/ पाल्पामा जिप दुर्घटना भएको छ । जिल्लाको निस्दी गाउँपालिका- ५ लामेदमार स्थित भित्री कच्ची सडक खण्डमा अरुणखोलाबाट मित्यालतर्फ आउँदै गरेको लु १ ज २६४९ नम्बरको जिप शुक्रबार दुर्घटना भएको हो ।

दुर्घटनामा ६ जना घाइते भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुनिल मल्लले जानकारी दिए । उनका अनुसार घाइते हुनेहरुमा निस्दी गाउँपालिका- ४ झ्याल्टुङकी ३९ वर्षीया धनसरी बयम्बु, सोही ठाउँकै ३० वर्षीया पुष्पा राई, उनको ३ वर्षीय छोरा अभिसेक राई, ९ वर्षीय साजन राई, निस्दी गाउँपालिकाका -७ सिन्दुरेका ४० वर्षीया गुनबहादुर सोमई र कपिलबस्तु बिजयनगर गाउँपालिका -१ का ५३ वर्षीया टेकबहादुर खण्डलुक रहेका छन् । घाइते सबै जनालाई उपचारका लागि अरुणखोला नवलपरासी पठाइएको प्रहरीले जनाएको छ । जिपमा १६ जना सवार रहेका थिए । गाडी उकालोमा आफै ब्याक भई सकडबाट २० मिटर तल खोल्सामा खस्न पुगेको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## रुरु क्षेत्र धाममा शालिग्राम महोत्सव



**पाल्पा, वैशाख २६/**पाल्पा र गुल्मीको सङ्गमस्थल रुरुक्षेत्र धाममा पहिलो पटक शालिग्राम महोत्सव सञ्चालन भएको छ । पाल्पाको तानसेन नगरपालिका, गुल्मीको रुरुक्षेत्र गाउँपालिका, स्याङ्जाको कालीगण्डकी गाउँपालिका, रुपन्देहीको पर्यटन डिभिजन कार्यालयको आयोजना तथा ऋषिकेश मन्दिर व्यवस्थापन समितिको व्यवस्थानमा शुक्रबारदेखि महोत्सव सञ्चालन भएको हो ।

कालीगण्डकीमा पाइने शालिग्रामको प्रचार-प्रसार गर्ने उद्देश्य महोत्सवको रहेको छ । महोत्सवको लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले उद्घाटन गरेका हुन् । महोत्सव उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले रुरु क्षेत्र नेपालकै चारधाममध्ये एक रहेको बताउँदै ऐतिहासिक, धार्मिक र सांस्कृतिक स्थलहरूको संरक्षण, प्रवर्द्धन तथा प्रचारप्रसारलाई प्रदेश सरकारले उच्च प्राथमिकतामा राखेको बताए । उनले लुम्बिनी प्रदेशलाई तपोभूमिका रूपमा उल्लेख गर्दै यस्ता महोत्सवहरूबाट धार्मिक पर्यटन प्रवर्द्धन भई प्रदेशको समृद्धिको आधार बन्न सक्ने विश्वास व्यक्त गरे । महोत्सवमा १ हजार ८ शालिग्रामको पुजन, बिक्री वितरण, ऋषिकेशवको रथयात्रा, झाँकी र्‍यालीलगायत भजनकिर्तन, कालीगण्डकीमा सन्ध्याकालीन आरती गर्ने कार्यक्रम छ । महोत्सवमा शालिग्रामका विषयमा प्रचार-प्रसार, प्रवर्द्धन, महत्व लगायतका विषयमा जानकारी दिइने ऋषिकेशव मन्दिर व्यवस्थापन समितिका अध्यक्ष परशुराम भट्टराईले जानकारी दिए । महोत्सव दुई दिनसम्म सञ्चालन हुनेछ ।

## कोरियाबाट फर्किएर गाउँमै भैँसीपालन

**चापाकोट (स्याङ्जा), वैशाख २६/** दक्षिण कोरियामा १० वर्ष बिताएका स्याङ्जा चापकोटका दुई दाजुभाइले गाउँ फर्केर कृषि उद्यम सुरु गरेका छन् । यहाँका उत्तम आचार्य र वीरेन्द्र आचार्यले विदेशमा कमाएको धन आफ्नै गाउँमा भैँसीपालनमा खर्चिएका हुन् ।

विसं २०७३ देखि सुरु गरेको सिद्धबाबा एग्रो फार्म एन्ड रिसर्च सेन्टर प्रालि हाल गण्डकी प्रदेशमै ठूलोमध्येको एक भैँसी फार्मको पहिचान बनाएको छ । दश वर्ष कोरियामा सिकेको सीप र कमाएको पैसा लगानी गरेको उक्त फर्ममा ६७ वटा गुजराती र मुर्रा जातका भैँसीहरू छन् । हाल फर्मबाट दैनिक १८५ देखि २०० लिटरसम्म दूध उत्पादन भइरहेको छ । यसका साथै गोबर र मूत्रलाई जैविक मलका रूपमा बिक्री गरेर आम्दानी भइरहेको छ । आचार्य दाजुभाइ कोरियामा रहँदा सिकेको आधुनिक पशुपालन प्रविधिलाई नेपालमै प्रयोग गरिरहेको बताउन्छन् । कोरियाबाट फर्किएपछि सुरुमा



काठमाडौँमा होटल व्यवसायमा लागे पनि पछि गाउँमै आएर हार्डवेयर व्यवसाय र भैँसीपालन सुरु गरेको दाई उत्तमको भनाइ छ । "फार्म सञ्चालनका क्रममा हालसम्म तीन करोडभन्दा बढी लगानी भइसकेको छ । सञ्चालनको सुरुआतमा २५ प्रतिशत विश्व बैंक, २५ प्रतिशत नेपाल सरकार र बाँकी ५० प्रतिशत लगानी आफैले गरेका थियौं", उनीहरूले भने,"फार्ममा प्रत्यक्ष रूपमा १० जनाले रोजगारी पाएका छन् भने अप्रत्यक्ष रूपमा थप धेरैलाई कामको अवसर सिर्जना भएको छ ।" भाई वीरेन्द्र फार्ममा दिनहुँ आँफै खट्ने गरेको बताउन्छन् ।

(-बाँकी अन्तिम पेजमा...)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना

# सम्पादकीय

## विपद्को तयारी गरौं

बर्खा लागेपछि बाढी, पहिरो र डुबानजस्ता विपद्का घटना सुरु हुन्छन् । पहाडमा बाढी र तराईमा डुबानले बर्सेनि ठूलो संख्यामा जनधनको क्षति गर्छ । प्राकृतिक विपत्ति रोक्न नसके पनि सरकारले पूर्वतयारी गरे क्षति कम गर्न सकिन्छ तर, पूर्वतयारीको काम कागज र बोलीमा मात्रै सीमित हुँदा यसबाट ठूलो धनजनको क्षति नेपालीले व्यहोर्न बाध्य छन् ।

प्राकृतिक प्रकोप बाजा बजाएर आउँदैन र कुनै स्थान र क्षेत्र तोकेर आउँदैन । यो आकस्मिकता भए पनि थोरै सावधानी अपनाउँदा जीवन जोगाउन सकिन्छ । तर पर्याप्त सावधानी नअपनाउँदा अकालमा जीवन जाने गरेको छ भने करोडौंको भौतिक क्षति हुने गरेको छ । नेपालमा बाढी, पहिरो, आगलागी, हावाहुरी, महामारी, शीतलहर आदि प्रत्येक वर्ष आउँछन् र ठूलो परिमाणको मानवीय, भौतिक एवं अन्य क्षति पुऱ्याएर जान्छन् । यस्ता प्रकोपबाट बँच्न पर्याप्त सावधानी नअपनाउँदा नै क्षति हुने गरेको छ ।

वर्षाजन्य विपद् निम्त्याउन हामी आफैं पनि जिम्मेवार छौँ । विकासका गतिविधि एवम् भौतिक पूर्वाधार निर्माणका सम्बन्धमा वैज्ञानिक भूउपयोग नीतिको परिपालना नभएका कारण बाढी पहिरोका घटना बढेका हुन । त्यसैले यस्ता सम्भावित विपद् आउन नदिन समग्रमा प्रयास हुन आवश्यक छ । विषम प्रकृतिका घटना जलवायुका कारण भइरहेको छ । यसो हुनुमा मानवीय गतिविधि जिम्मेवार छ । मानिसले आफूलाई नसुधारेसम्म स्थिति झनझन बिग्रँदै जानेछ । वर्षेनी हुने यस्ता विपत्तिबाट पाठ नसिक्नु, पर्याप्त पूर्व तयारी नगर्नु, विपद् सामना गर्न सरकारी संयन्त्र तयारी अवस्थामा नरहनु विडम्बना हो । प्राकृतिक समस्या पूर्व सूचना दिएर आउँदैन भन्ने कुरा सबैलाई थाहा छ । तर यस्ता प्राकृतिक विपत्तिको दीर्घकालीन समाधान नखोजिदा वर्षौं पिच्छे एउटै समस्याबाट पीडित हुनुपरेको अवस्था छ । नेपालमा स्थानीय, प्रदेश र संघीय गरी तीन तहका सरकार छन् । तर प्राकृतिक जस्तो विपत्तिबाट आमजनतालाई जोगाउने र भौतिक क्षति कम हुने दिशामा एकरत्ती पनि सोंचेका छैनन् । विपद् जस्तो सवेदनशील विषय सरकारको प्राथमिकतामा पर्दैन । बर्खाको समयमा कति बेला कहाँ के हुन्छ कसैलाई थाहा हुँदैन । तर विपद् आउनुपूर्व नै विशेष सावधानीका उपायहरु अवलम्बन गर्न सकियो भने केही हदसम्म भएमा पनि क्षति हुनबाट बचाउन त सकिन्छ । तसर्थ त्यसतर्फ सरकार र सम्बन्धित निकायले सोच्न जरुरी छ ।

### Opinion @ Social Network

केही पाउन केही गुमाउनु पर्छ रे,
खुट्टा नै गुमाएर जुत्ता पाउनुको को अर्थ ।
*(लक्ष्मी थापाको फेसबुक स्टाटस https://www.facebook.com/thapa.laxmi2686)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# विद्यार्थी जीवनमा राजनीतिको भूमिका




विद्यार्थी जीवन केवल पुस्तक र परीक्षामा मात्र सीमित रहने समय होइन् । यो व्यक्तित्व विकास, सामाजिक चेतना र जिम्मेवार नागरिक बन्ने तयारीको महत्वपूर्ण चरण पनि हो । विद्यार्थी राजनीति विद्यार्थी जीवनमा उल्लेखनीय भूमिका खेल्ने एक पक्ष हो, जुन वर्तमान शैक्षिक तथा सामाजिक परिवेशमा झनै सान्दर्भिक बन्दै गएको छ ।

राजनीति सबै नीतिहरूको मूल नीति हो । जसले सबै क्षेत्रहरूको अगुवाइ गर्दछ । मानव जीवनको सुरुवातदेखि अन्त्यसम्म राजनीतिक प्रक्रिया चलिरहन्छ । जन्मेदेखि मृत्युसम्म प्रभाव पार्ने भएकाले व्यक्ति, परिवार र मानव समाज राजनीतिभन्दा अलग रहन सक्दैन । यदि कसैले आफू राजनीतिभन्दा टाढा रहेको मान्दछ भने त्यो ढोंगी हुन्छ । त्यसैले भनिन्छ, 'तपाईं राजनीति चाहनुस् वा नचाहनुस् राजनीतिले तपाईंलाई चाहन्छ ।' नेपालको शैक्षिक वृत्तमा पछिल्लो केही वर्षदेखि शिक्षालयलाई राजनीतिबाट अलग गर्नुपर्छ भन्ने बहस जबर्जस्त सतहमा ल्याइयो र अझै विद्यार्थी आन्दोलनको सान्दर्भिकता नै समाप्त भइसक्यो यसको अन्त्य गरिनुपर्छ भन्ने विचारहरू पनि आइरहेका छन् । तर, के यो तर्क वस्तुवादी हुन सक्दछ ? यदि मानव राजनीतिक प्राणी हो भनेर स्वीकार पनि गर्ने र उसलाई राजनीतिबाट अलग पनि गर्नुपर्दछ भन्ने मान्यता राख्ने हो भने यो कसरी सम्भव हुन्छ ? आम विद्यार्थी मात्र होइन कि सबै बौद्धिक समुदायले यसतर्फ सांकेन्द्रित बहस गर्न जरूरी छ । नेपाली इतिहासका अनेक घटनाक्रमहरूमा अग्रपंक्तिमा रहि परिवर्तनको चेतना छर्ने विद्यार्थी राजनीति आज आफैं अस्तित्व र प्रश्नहरूको सामना गरिरहेको छ । अहिले इतिहासको योगदान भन्दा वर्तमानको डेलिभरीको आधारमा मूल्यांकन गर्ने नेपाली समाज सामु विद्यार्थी आन्दोलनले आफ्नो सार्थकता प्रमाणित गर्नुपर्ने बाध्यता आइपरेको छ । जुनसुकै आन्दोलन तथा शक्तिले पनि समय-समयमा समाजबाट नैतिक अनुमोदन पाउनुपर्ने लोकतन्त्रको सुन्दर पक्ष पनि हो । विद्यार्थी राजनीतिले नेपाली समाजको नैतिक अनुमोदन प्राप्त गर्न अपनाउनुपर्ने एकमात्र नीति हो- प्रभावकारी पुनर्जागरण । विश्वको इतिहासदेखि वर्तमानसम्म विद्यार्थी राजनीति र विद्यार्थी संगठनहरूले ठूला क्रान्ति र परिवर्तनको नेतृत्व गरेको तथ्य छ ।

विश्व इतिहास हेर्दा सन १९९५ मा अर्जेन्टिनामा पेरुन (तत्कालीन निरंकुश शासनतन्त्र)लाई पराजित गर्ने देखि लिएर सन १८८९ मा चेकोस्लोभाकियामा 'भेल्भेट रिभोल्युसन' नामक शान्तिपूर्ण आन्दोलनको नेतृत्व विद्यार्थीले नै गरेको पाइन्छ । विश्वका कयौं देशहरूमा ठूला क्रान्ति र आन्दोलनहरूलाई निर्णायक बनाउनुमा विद्यार्थीहरूको अतुलनीय भूमिका रहँदै आएको छ । नेपालको सन्दर्भमा हेर्दा सन १९४७ मा 'जयतु संस्कृतम्' आन्दोलनले राणाविरुद्ध क्रान्तिको उद्घोष गरेर विद्यार्थी आन्दोलनको औपचारिक रुपमा सुरुआत गरेका थिए । त्यही आन्दोलनले नेपाल विद्यार्थी संघ र नेपालमा विद्यार्थी आन्दोलनको विजारोपण गरेको थियो ।

*राजनीति सबै नीतिहरूको मूल नीति हो । जसले सबै क्षेत्रहरूको अगुवाइ गर्दछ । मानव जीवनको सुरुवातदेखि अन्त्यसम्म राजनीतिक प्रक्रिया चलिरहन्छ । जन्मेदेखि मृत्युसम्म प्रभाव पार्ने भएकाले व्यक्ति, परिवार र मानव समाज राजनीतिभन्दा अलग रहन सक्दैन । यदि कसैले आफू राजनीतिभन्दा टाढा रहेको मान्दछ भने त्यो ढोंगी हुन्छ । त्यसैले भनिन्छ, 'तपाईं राजनीति चाहनुस् वा नचाहनुस् राजनीतिले तपाईंलाई चाहन्छ ।' नेपालको शैक्षिक वृत्तमा पछिल्लो केही वर्षदेखि शिक्षालयलाई राजनीतिबाट अलग गर्नुपर्छ भन्ने बहस जबर्जस्त सतहमा ल्याइयो र अझै विद्यार्थी आन्दोलनको सान्दर्भिकता नै समाप्त भइसक्यो यसको अन्त्य गरिनुपर्छ भन्ने विचारहरू पनि आइरहेका छन् ।*

**राजनीतिमा विद्यार्थीको सहभागिता आवश्यक**

राजनीति भन्नेबित्तिकै केही मानिसले नकारात्मक दृष्टिकोण अपनाउने गर्छन् तर लोकतान्त्रिक प्रणालीमा नागरिकको सक्रिय सहभागिता अनिवार्य हुन्छ र यसको सुरुवात युवावस्थाबाटै हुनुपर्छ । विद्यार्थी राजनीति भनेको केवल नारा र जुलुस मात्र होइन, यो नेतृत्व विकासको प्रयोगशाला पनि हो । जहाँ नेतृत्व विकासले भविष्यमा आइपर्ने समस्याहरू र चुनौतीहरूको सामना गर्ने शक्ति प्रदान गर्छ । यदि विद्यार्थीमा राजनीतिक चेतना जागृत भयो र उनीहरू संगठित हुन पुगे भने विद्यार्थीको शैक्षिक मुद्दाहरू उठान गर्ने, विद्यालय प्रशासनसँग सामूहिक सौदाबाजी गर्ने, प्रशासनको एकल निर्णयमाथि प्रश्न खडा गर्ने र शैक्षिक व्यापारमा धक्का पुग्ने डरले निजी शैक्षिक कम्पनीले त सबै राजनीतिक क्रियाकलापलाई नै निषेध गरेको हुन्छ । यता, सामुदायिक शिक्षालयले समेत 'यो तेरो राजनीति गर्ने उमेर होइन, नेता बनेर के गर्छस् ? बरु राम्रोसँग पढ् अनि जागिर गरेर पैसा कमा' भन्ने स्कुलिङ पो गर्ने गरेको पाइन्छ । यसले विद्यार्थीमा राजनीतिप्रतिको थप वितृष्णा भर्ने काम गरेको छ । यहाँ भन्न खोजिएको सबै मानिसले राजनीति गर्नुपर्छ अथवा सबै विद्यार्थी राजनीतिक गतिविधिमा सहभागी हुनुपर्छ भन्ने होइन तर छिटो विषयवस्तु बुझ्न र त्यसलाई तत्काल ग्रहण गर्न सक्ने चरित्र वा क्षमता विद्यार्थी वर्गमा हुने भएकाले उनीहरू सबैलाई राजनीतिक चेतनाबाट अलग गर्नुहुँदैन भन्न खोजिएको हो ।

चाहे विद्यालय तहका विद्यार्थी होउन् चाहे विश्वविद्यालय तहकाह यदि उनीहरूमा आफ्नो समाज कता जाँदैछ, मानव समाजको इतिहास के हो, आफ्नो परिवार र देशको स्थिति के हो, विश्व कता जाँदैछ, परिवार र समाजमा आफ्नो भूमिका के हो, राजनीतिले मानव जीवनमा के अर्थ राख्दछ भन्ने जस्ता पक्षहरूमा चासो र चिन्ता छैन भने उनीहरूले जति धेरै अंक ल्याए पनि, जति राम्रो अंग्रेजी बोले पनि समाज र राज्यको लागि के नै अर्थ राख्दछ र ? तसर्थ राजनीतिलाई शिक्षाबाट अलग गरेर होइन विद्यार्थीलाई राजनीतिक शिक्षाको अध्ययन गराउनुपर्दछ । यसले आफ्नो समाज, राज्य, देशभक्ति, नेतृत्व, राजनीतिक इतिहास जस्ता विषयहरूमा विद्यार्थीको दृष्टिकोण निर्माण गर्न सहयोग पुऱ्याउँदछ र राज्यको राजनीतिक भविष्यप्रति समेत चिन्तन-मनन गर्ने राजनीतिक संस्कारको विकास गराउँदछ ।

**नेतृत्व निर्माणको आधारशिला**

आजका विद्यार्थीहरू नै भोलिका नेता हुन् भन्ने भनाइ केवल आदर्श होइन, यथार्थ हो । विद्यार्थी राजनीतिले उनीहरूमा नेतृत्व क्षमता, निर्णय शक्ति र सार्वजनिक उत्तरदायित्वको अभ्यास गराउँछ । क्याम्पस वा विद्यालयमा हुने प्रतिनिधित्व प्रणाली, निर्वाचन, र संगठित आन्दोलनहरूले उनीहरूलाई लोकतान्त्रिक प्रक्रियामा सक्रिय बनाउँछ । जसले गर्दा भविष्यमा गएर देशको कानुन, नीति सम्बन्धी ज्ञान प्रदान गरी उत्तरदायित्वहरूको बोध गराउछ । राज्यका प्रशासनिक, वित्तीय, कूटनीतिक, सुरक्षा, राजनीतिक सबै क्षेत्रमा कुनै न कुनै प्रकारको नेतृत्वको त आवश्यकता नै पर्दछ, आजको राजनीति र नेतृत्व खराब भयो भन्दैमा विद्यार्थीलाई राजनीतिबाट बाहिर राख्नु त मुहानै बन्द गर्नु जस्तो हुँदैन र ?

**सामाजिक चेतना र परिवर्तनको संवाहक**

विद्यार्थी राजनीति सामाजिक अन्याय, भ्रष्टाचार वा शैक्षिक समस्याको विरोधमा आवाज उठाउने सशक्त माध्यम हो । इतिहासले देखाएको छ "नेपालको प्रजातान्त्रिक आन्दोलनदेखि गणतन्त्र स्थापनासम्मका विभिन्न चरणमा विद्यार्थीहरूको भूमिका प्रेरणादायी रहँदै आएको छ ।"

**सन्तुलनको आवश्यकता**

यद्यपि राजनीति विद्यार्थी जीवनको एक अङ्ग हुन सक्छ, यसले अध्ययनलाई प्रभावित गर्नु हुँदैन् । हाल केही स्थानहरूमा देखिएको अत्यधिक दलगत हस्तक्षेप, हिंसात्मक झडप, र असहिष्णु व्यवहारले विद्यार्थी राजनीतिप्रति आम मानिसको धारणा नकारात्मक बनेको छ । यस्तो प्रवृत्तिले राजनीति र शिक्षाको दुबै प्रतिष्ठामा आघात पुऱ्याउँछ ।

**उत्तरदायी अभ्यासको बाटो**

विद्यार्थी राजनीतिको प्रभावलाई सकारात्मक बनाउने जिम्मा शिक्षण संस्था, राजनीतिक दल र विद्यार्थी स्वयंमा पनि पर्छ । नेतृत्व विकास, सामाजिक सहभागिता र जनचेतना अभिवृद्धिका लागि विद्यार्थी राजनीतिलाई अनुशासित, समावेशी र शिक्षामैत्री बनाइनुपर्छ ।

**निष्कर्षमा :**

विद्यार्थी राजनीति एउटा अवसर हो "नकारात्मक हैन" । यसको सही प्रयोगले सामाजिक रूपान्तरण, सुशासन र देशप्रेमको भावना विकास गर्न सकिन्छ । विद्यार्थी राजनीतिलाई विरोधको साटो विकासको आन्दोलन बनाउनेतर्फ हामी सबै सचेत हुनुपर्ने बेला आएको छ ।

***(लेखक राना स्वतन्त्र विद्यार्थी युनियन त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाकी कोषाध्यक्ष समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : शुभकार्यको चर्चा चल्नेछ । बित्तिय संस्थाबाट सहयोग पाईनेछ । | **तुला** :आफन्तको सहयोग प्राप्त हुनेछ । आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । |
| **वृष** :आफूलाई कमजोर भएको अनुभूति हुनेछ, महत्वपूर्ण अवसर गुम्न सक्नसक्छ। | **बृश्चिक** :आज पढाइमा बाधा आउनेछ, यात्रामा सावधानी अपनाउनु पर्नेछ । |
| **मिथुन** :आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । बैदेशिक कार्य अघि बढ्नेछ । | **धनु** : साहित्यिक क्षेत्रमा रुची बढ्ने र धार्मिक यात्राको योग पनि छ । |
| **कर्कट** :सुन्दर पहिरनले ब्यक्तित्वमा निखारता ल्याउनेछ, नयाँ कार्य बन्नेछ । | **मकर**: कार्य सम्पादनमा सहजता मिल्नेछ, सफल यात्रा पनि हुनेछ । |
| **सिंह**: जग्गाजमीनको कारोबार र शेयर बजारबाट राम्रो प्रतिफल मिल्नेछ । | **कुम्भ** : कष्टकर यात्रा गर्नुपर्ला वैदेशिक क्षेत्रको कार्य सहजै अघि बढ्नेछ । |
| **कन्या** : अचल सम्पत्ती हात पर्ने योग छ । शुभ समाचार पनि सुन्न पाइएला । | **मिन** : आँटेको र ताकेको कार्य पुरा होला, राज्यबाट मान सम्मान पाइनेछ । |

# साहित्य दर्पण

क्लासिक निबन्ध — भैरव अर्याल

## साहित्यमा कलापक्ष

तिन पदमा संयुक्त सत्यम्, शिवम्, सुन्दरम् लाई अर्थको हिसाबले दुई भागका बाड्न सकिन्छ, ज्ञान र नीतिको अनुष्ठान र प्रतिष्ठान गर्न खोज्ने एउटा मस्तिष्क पक्ष र त्यसलाई ह्रदय ह्रदयमा पुऱ्याएर भिजाउँदै जीवन र जगत्का कठोरताभित्र सरलताको सरिता बगाउन खोज्ने ह्रदयपक्ष । यिनै दुईलाई अर्को शब्दमा भावपक्ष र कलापक्ष भनी विद्वान्हरुले नाम दिएका छन् ।

साहित्यका उदेश्यगत व्याख्याहरुको सन्दर्भमा सत्यम्, शिवम्, सुन्दरम्को बराबर चर्चा गरिन्छ र भनिन्छ-साहित्यको परम उदेश्य यी तिनै उदेश्यको प्रतिपादन गर्नु हो । तर जतिसुकै चर्चित विषय भए तापनि वस्तुत: सत्य के हो, शिव कसरी प्राप्त हुन्छ र सुन्दर कस्तोलाई भन्ने ? यी प्रश्नहरु सधैं प्रश्नकै रुपमा छन् । हिजो मानेका सत्य आज असत्य सावित हुन सक्दछ भने आज ठम्याएको शिव भोलि अशिवको रुपमा परिणत हुन सक्दछ । देश काल र स्थिति अनुसार सुन्दरताका पनि विभिन्न रुपहरु हुन्छन् । त्यसैले सत्यम्, शिवम् र सुन्दरम्को सर्वसम्मत परिभाषा हुन सक्दैन । यी केवल प्रतीकार्थ प्रयोग गरिने शब्दहरु हुन् । प्रतीकको दृष्टिले हेर्दा ‘सत्यम्’ दर्शनको प्रतिक, ‘शिवम्’ धर्म वा नैतिक पक्षको प्रतिक र ‘सुन्दरम्’ कलाको प्रतिक भनी मान्न सकिन्छ । यस अनुसार साहित्यमा सत्यम्, शिवम् र सुन्दरम् प्रतिपादन गर्नुको अर्थ दर्शन, धर्म र कलाको समन्वयात्यक उपलब्धिको साधना गर्नु भन्ने बुझ्नु पर्छ । हुन पनि जीवन र जगत केलाएर शाश्वत सत्यको खोजिका लागि नयाँ नयाँ विचारहरु फुराउँदै एक दार्शनिक धरातल खडा गर्नु, मानवीय दुष्प्रवृत्ति- अन्याय, हिंसा र अशान्तिको निन्दा गरी उच्चतर मावनताको प्रतिष्ठापन गर्नु र खेद बिषादले युक्त जीवनलाई नयाँ नयाँ कलाहरुको निर्माण गरी सरस पार्नुमै प्राय: सफल साहित्यकारको प्रयास रहँदै आएको देखिन्छ ।

तिन पदमा संयुक्त सत्यम्, शिवम्, सुन्दरम् लाई अर्थको हिसाबले दुई भागका बाड्न सकिन्छ, ज्ञान र नीतिको अनुष्ठान र प्रतिष्ठान गर्न खोज्ने एउटा मस्तिष्क पक्ष र त्यसलाई फदय फदयमा पुऱ्याएर भिजाउँदै जीवन र जगत्का कठोरताभित्र सरलताको सरिता बगाउन खोज्ने फदयपक्ष । यिनै दुईलाई अर्को शब्दमा भावपक्ष र कलापक्ष भनी विद्वान्हरुले नाम दिएका छन् ।

परिवारको वृद्धि र पालनका साथ सृष्टिलाई स्थायित्व दिन स्त्री र पुरुषको पारस्परिक सहयोग जति अपेक्षित छ, साहित्यको सृजना र स्थायित्वको निम्ति कला र भावको समन्वयात्मक सम्बन्ध पनि उत्तिकै अपेक्षित रहन्छ । अर्को शब्दमा साशित्यको अन्तरङ्ग भावपक्ष हो भने बहिरङ्ग कलापक्ष । यी दुबैको समन्वयनबात जुन प्रभावकारिता अर्को शब्दमा रसको निस्पत्ति हुन्छ, त्यसैलाई साहित्यको आत्मा हो भनी मान्न सकिन्छ र संस्कृत समीक्षा शास्त्र केही नामुद आचार्यहरुले पनि मानेका थिए ।

समय समयमा यसको समन्वयात्मकता माथिको आस्था एकाङ्की भएको पनि पाइन्छ । एक समयका साहित्यकारहरुले कालपक्षमा मात्र जोड दिई पदलालित्य, अलङ्कार र रीति आदिको चमत्कारमा मात्र सिमित राख्न नखोजेका होइनन् । यो प्रवृत्ति रीतिकालीन साहित्यको इतिहासमा पढ्दा प्राय: पाइन्छ । कला पक्षमा मात्र सीमित साहित्य लोग्नेमान्छे नभएको घर जस्तै भाँडिएर जान्छ भन्नेहरु ननिस्केको भए सायद साहित्य पुगिसरी आउनेहरुको मनोविनोदका साधना मात्र हुन्थ्यो कि, त्यो विचारणीय छ । कलामा मात्र साहित्य बाच्न सक्दैन, बाच्यो भने पनि त्यो कला कला कै लागि मात्र सीमित हुन्छ, जीवनको लागि हुन सक्दैन । मनुष्यबाट सिर्जित साहित्यले मनुष्य जीवनकै भलाइ गरेन भने त्यो निरर्थक सावित हुन्छ । त्यसैले साहित्यको उपास्य बस्तुमा सुन्दरतालाई मात्र प्रधानता दिइरहन समाजले सकेन । तर, कालपक्षमा मात्र साहित्य बाँच्दैन भन्दाभन्दै एकथरि साहित्यमा कालपक्षको जरुरत छैन पनि भन्न थाले । कलातिर ध्यान दिनु पर्ने हुँदा साहित्यले नैतिकबल मानिसलाई दिन सक्दैन भनी दार्शनिक प्लेटोलाई पीर परे झैँ सुन्दरताको पछि लाग्दा साहित्यमा अशिवत्व छिर्न जाला भनी पिरोलिएर साहित्यमा कलापक्षको अनावश्यकतामाथि जोड दिने पनि कम निस्केनन् । फलस्वरुप साहित्य नैतिक सुत्र र श्लोकको रुपमा परणत भएका उदाहरणहरु पनि साहित्यको इतिहासमा बराबर पाइएका छन् । तर यस्ता साहित्यको औचित्य प्राय: सामयिकतामै सीमित रह्‌यो, केही बाँचे पनि साहित्यको इज्जत साथ होइन, क्लिष्ट सुत्र र फिका श्लोकको रुपमा । यसबाट पनि यही प्रष्ट हुन्छ - भावपक्ष र कलापक्षको पारस्परिक समन्वय नभई सफल साहित्यको सृजन हुन सक्दैन ।

सुन्दरम्को प्रतिपादन गर्ने उदेश्यले साहित्य साधनाको समानान्तर अङ्ग भएको कलापक्ष शब्द र अर्थ दुबै उपाङ्गमा आधारित हुन्छ । पद लालित्य, तुकबन्दी, लयशीलता र यमक आदि शब्दालङ्कारहरुबाट शैलीमा विभिन्न चामतकारिताको प्रादुर्भाव हुनसक्छ भने प्रतिक, व्यङ्ग्य, ध्वनि एवम् उपम श्लेषादि, कतिपय अर्थालङ्कारहरुबाट समेत भन्न खोजेको कुरालाई प्रभावकारी बनाउन सकिन्छ । यी सबै समष्टिबाट साहित्यको कलापक्ष निर्मित हुन्छ, जसले सामान्य कुरालाई पनि सुन्ने पढ्नेको फदयमा तीव्र र स्थायी प्रभावका साथ प्रस्तुत गर्दछ । शकुन्तला र म्याकबेथको भावपक्ष त्यति गहन होइन तापनि तिनको कलापक्ष यति चामत्कारिक भएको छ कि पढ्ने सुन्नेको फदय रसाइहाल्छ, त्यसैमा नै यिनको उत्कृष्टता र अमरता रहेको छ । कलापक्षको विवेचना गर्दा ध्यान दिनु पर्ने मुख्य कुरा के छ भने मानिसको सौन्दर्यबोध सधैँ र सबै ठाउँमा एकैनास हुँदैन । पहिले पहिले कल्ली र फूल जस्ता गहनाहरू स्त्रीका निम्ति सुन्दरता बढाउने शृङ्गार हुन्थे भने आजका सभ्य शिक्षित नारीहरू सादा पोसाक र छरिता आभूषणमै सुन्दरी देखिन्छन् र आज पनि कल्ली र फूल लगाउने कोही भए उनीहरू हँस्सीका पात्र हुन्छन् । किनभने आज धेरैको सौन्दर्यबोध अनुसार कल्ली र फूल आभूषण होइन, भार वा बन्धन मात्र प्रतीत हुन्छ । यसैगरी छन्द, तुक, यमक आदिमा मात्र सीमित कलापक्ष आधुनिक कविको दृष्टिमा भार लाग्न थालेको छ । छन्दविहिनतामै लय खोज्ने, अमूर्ततामै मूर्ततमको आभास दिने, उपमाले नै उपमेय खोस्ने र प्रतीक प्रतीकै पाइप बिछ्याएर भावधारालाई अर्काको फदयसम्म पुऱ्याउन खोज्ने जस्ता जे जति प्रयासहरु साहित्यकारहरुबाट हुन थालेका छन्, तिनैका समष्टिस्वरुप प्रादुर्भाव हुने प्रभावकारितामै आधुनिक साहित्यको कलापक्ष निहित छ ।

तर सौन्दर्यबोधको यस परिवर्तनशीलता नबुझी लगाइरहेका गहना मात्रै लगाउन सजिलो मान्ने पनि हामीहरुमध्ये धेरैको बानी छ । वस्तुत: जसलाई जस्तोमा सुन्दरताको आभास हुन्छ, त्यसले त्यसैलाई राम्रो मान्नु कुनै गल्ती वा आश्चर्यको कुरा होइन । युरोपियनहरुले सुनौलो केशमा सुन्दरता देखे भन्दैमा हामीले काला केशे युवतीहरुलाई थोत्री बुढी भनी हेप्नै पर्छ भन्ने कुनै बाध्यता पनि छैन । तर क्षण क्षणमा नयाँ नयाँपनको आभास मिल्दै जानुको नाम नै रमणीयता हो भन्ने पुराना महाकवि माघकै भनाइमाथि एकपल्ट सोच्ने हो भने पनि सौन्दर्यबोधको परिवर्तनशीलता प्रस्ट हुन्छ । अनि, आधुनिक साहित्यकारहरुले गर्न थालेका नयाँ नयाँ चामत्कारिक प्रयोगहरु केवल विकृति र विरुपताका नमुना मात्र हुन भन्ने अधकल्चो धारणाले हामीलाई छोप्न सक्दैन । आजको सौन्दर्यबोध हिजोको जस्तो नहुनु प्रकृतिसिद्ध कुरा हो ।

तर ध्यान दिनु पर्ने कुरा के छ भने आधुनिक साहित्यले सत्यम्, शिवम् र सुन्दरम्मा शिवम्लाई चाहिँ धेरै लत्याउँदै गएको प्रतीत हुन्छ । सुन्दरम्को मर्यादित सिँढी नाघेपछि शिवम् पक्ष दह्रो हुन नसक्नु स्वभाविक पनि हो । तर सुन्दरम् जस्तै शिवम्को पनि परिभाषा परिधिको नयाँ मुल्याङ्कन हुँदै जाने आशा गर्नु पर्छ । यहाँ भन्न खोजेको त यत्ती हो- साहित्यमा सत्यम्, शिवम् र सुन्दरम् तिनै साध्यको समन्वयात्मक साधना हो । यसैमा साहित्यको भावपक्ष र कलापक्षको राम्रो सामञ्जस्य हुन्छ ।

*-साहित्यपोष्ट डटकम*


## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
**डिभिजन वन कार्यालय**
तानसेन, पाल्पा


क्लासिक संस्मरण — परशु प्रधान

## अहिले पनि आङ जिरिंग हुन्छ

दिक्तेलबजार छेउको बामरा□को एकजना राई (पूर्व प्रहरी)को सम्बन्ध आफ्नै हाडनाता अर्थात् काकाको छोरीसँग शारीरिक सम्पर्क भएछ । दुवैजनाको सहमतिमा भएको यो सम्बन्धले गर्भधारण गर्नु स्वाभाविकै हो । त्यस बेला गर्भ-निरोध गर्न पाउने कानुन आइसकेको थिएन । यसैले गर्भ भएपछि उनीहरूले घुम्ने बहानामा धरान-विराटनगर गई उतै गर्भपतन गरेर आउने गरेका रहेछन् । पछि फेरि यौनसम्पर्क रोकिएन । गर्भ रहने नै भयो । ती युवतीको ६-७ महिनाको गर्भपतनका लागि हवाईजहाजबाट धरान-विराटनगर जान उनीहरू लामीडाँडा विमानस्थल पुगेछन् । आषाढको महिना, पानी परेको पऱ्यै छ । जताततै हुस्सुले ढाकेको छ । केको जहाज आउनु ? ती फर्केछन् र नुनथलाछेउछाउको लेकाली गाउँमा बास बसेछन् । साँझपख घुम्दै जंगल पुगेपछि राईले भुँडीमाथि खुट्टाले जोडसँग टेकेर बच्चालाई बाहिर निकाल्ने प्रयास गरेछन् ।

खोटाङमै छँदाको यौटा कहालीलाग्दो, अत्यन्त निर्मम र पीडापूर्ण यौन अपराधको घटना सम्झँदा अहिले पनि मलाई निफ्ता आउँदैन ।

दिक्तेलबजार छेउको बामराङ्को एकजना राई (पूर्व प्रहरी)को सम्बन्ध आफ्नै हाडनाता अर्थात् काकाको छोरीसँग शारीरिक सम्पर्क भएछ । दुवैजनाको सहमतिमा भएको यो सम्बन्धले गर्भधारण गर्नु स्वाभाविकै हो । त्यस बेला गर्भ-निरोध गर्न पाउने कानुन आइसकेको थिएन । यसैले गर्भ भएपछि उनीहरूले घुम्ने बहानामा धरान-विराटनगर गई उतै गर्भपतन गरेर आउने गरेका रहेछन् । पछि फेरि यौनसम्पर्क रोकिएन । गर्भ रहने नै भयो । ती युवतीको ६-७ महिनाको गर्भपतनका लागि हवाईजहाजबाट धरान-विराटनगर जान उनीहरू लामीडाँडा विमानस्थल पुगेछन् । आषाढको महिना, पानी परेको पऱ्यै छ । जताततै हुस्सुले ढाकेको छ । केको जहाज आउनु ? ती फर्केछन् र नुनथलाछेउछाउको लेकाली गाउँमा बास बसेछन् । साँझपख घुम्दै जंगल पुगेपछि राईले भुँडीमाथि खुट्टाले जोडसँग टेकेर बच्चालाई बाहिर निकाल्ने प्रयास गरेछन् ।

अर्थात्, बच्चा पनि भित्रै मऱ्यो र आमाको पनि प्राण गयो । लासलाई त्यहीँ छाडी राई चुपचाप, केही भएको छैन जस्तो गरी घरमा आएछन् । गाउँघरमा ‘बहिनीलाई उसको फुपूकहाँ धरान छाडिदिएको छु’ भन्दा रहेछन् । यता ननुथलाको जंगलमा लास कुहेर गाउँभरि दुर्गन्ध फैलन थालेछ । केही दिनपछि प्रहरी कार्यालयमा खबर आयो । प्रहरीहरू घटनास्थल पुगे । लासको अवस्था बीभत्स छ, हेर्न समेत मुस्किल पर्ने । प्रहरीले आवश्यक अनुसन्धानसहितको कानुनी कारबाहीलाई अगाडि बढायो । यता स्थानीय जनताको जुलुस र नाराबाजीको सामना मैले गर्नुपर्ने भयो । जागिरको प्रकृति (नेचर) नै त्यस्तै भएपछि के लाग्छ ? लासको सद्गति गरियो, तर घटनास्थलमा गएका स.ई.बाट ती नारीको अंगभंग, पीडा, कष्ट अनि निर्मम हत्याको कुरा विस्तृतमा सुन्दा मेरो मन पनि रोयो । तर, अपराधी को हो ? कसरी पत्ता लाउने ? केही दिन चर्को तनाव व्यहोरेपछि भगवान्ले मलाई बुद्धि दिनुभयो । गाउँघरमा मैले बुझी पत्ता लगाएँ, ती २०/२२ की सुन्दरी युवतीको सबैभन्दा बढी सम्बन्ध वा सम्पर्क कोसँग थियो भनेर । सबैले त्यही भू.पू. प्रहरी (राई)लाई शंका गरेका रहेछन्, तर बाहिर खोल्न सकेका रहेनछन् । तुरुन्त उनलाई पक्रन मैले प्रहरी पठाएँ । त्यस रात म स्वयम् प्रहरी कार्यालयमा बसी बयान लिने काम भयो । दुई/चार थप्पड खाएपछि उसले आफ्नो सत्यतथ्य कुरा खोल्यो ।

राम ! राम ! कसरी सुन्नु र हेर्नु उसको अभिनय ! ६-७ महिनाको गर्भ रहेको पेटलाई आफ्नो बुट जुत्ताले थिचेको मात्र होइन, दुई हातले घाँटीमा समातेर मारेको अनि बच्चा योनीबाट बाहिर आउन खोजी झुन्डिएको फदयविदारक दृश्यको प्रत्यक्ष बयान सुन्दा प्रहरी इन्स्पेक्टरसहित हामी मर्माहत भएका थियौँ । त्यो घटना अहिले पनि मेरो मानसमा ताजै छ ।

त्यसपछि निजलाई ज्यान मारेको अभियोगमा अदालत पठाइयो । केही वर्षको जेल बसाइपछि ऊ छुटिसकेको होला । तर, यौन अपराधका यस्ता मार्मिक घटनाहरू अहिले झन् बढी मात्रामा घटिरहेछन् । सधैँ पत्रपत्रिका र टीभीमा हेरिरहेका छौँ । त्यही प्रकृति र वातावरणको दु:खद घटनाहरू हेर्दा र पढ्दा मलाई त्यही खोटाङे लेक, ती पात्रपात्रा र त्यस बयानको पीडादायक रातको सम्झना भइरहन्छ ।

*-बाह्रखरी डटकम*


# Tansen Municipality
## Office of the Municipal Executive
## Tansen, Palpa

# Invitation for Online Bids

**Date of Publication: 2082-01-27(2025 May 10)**

Tansen Municipality Office, Tansen, Palpa invites electronic bids from eligible bidders under PPMO's e-GP system **www.bolpatra.gov.np/egp** for following work under Sealed Quatation system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system **www.bolpatra.gov.np/egp**

***Information to deposit the cost of bidding document in Bank:***

**Name of the Bank:** Rastriya Banijjya Bank Ltd., Palpa

**Name of the Office:** Tansen Municipality Office, Tansen, Palpa

**Rajaswa Account No.:** 3030100301010004 (14229)

**Bid Validity Period:** 45 days

***Bank details for Bid security ( If Cash deposit) :Ranstriya Banijjya Bank, Palpa, A/C no. 3030100303000004.***

| Contract No. | Name of Project | Estimated Amount inclusive VAT and PS | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Purchase and Submission | Remarks |
|---|---|---|---|---|---|---|
| TM/PLP/W/SQ/05/2081-082 | Baugha Gumba Chherlung Swasthya Chauki Bhawan Construction Work, Tansen-13, Chherlung , Palpa. | 1914571.72 | 1000.00 | 50000.00 | 2082/02/11 12.00 Pm (25 May 2025 | |

**Chief Administrative Officer**

# महिला उद्यमीलाई पाल्पा रारा सहकारीको अभिमुखीकरण



**पाल्पा, वैशाख २६**/जिल्लाको तानसेनमा सञ्चालित पाल्पा रारा बचत तथा ऋण सहकारी संस्था लिमिटेडले महिला उद्यमीहरुका लागि एक दिने अभिमुखीकरण कार्यक्रम गरेको छ । जिल्लाका विभिन्न क्षेत्रमा रहेका महिला सदस्यहरुलाई समूहगत रुपमा लगानी गर्दै आएको सहकारीले शुक्रबार तानसेनमा अभिमुखीकरण कार्यक्रम गरेको हो ।

महिला उद्यमीहरुलाई वित्तिय योजना निर्माणदेखि आर्थिक रुपमा थप सशक्त बनाउने, नेतृत्व क्षमताको विकास र सहकारीमा महिला सहभागिता सुनिश्चित गराउने उद्देश्यले अभिमुखीकरण कार्यक्रम गरिएको सहकारीले जनाएको छ । कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी संघ लि.पाल्पाका अध्यक्ष जगदीश भट्टराई र सहकारीका अध्यक्ष भीमसेन कार्कीले सहकारीमा महिला सहभागिता, समूहगत नेतृत्वमा महिलाहरुको भूमिका, महिला उद्यमीहरूलाई वित्तीय योजना, उद्यम तथा उद्यमी, व्यवसायका किसिम, लघु उद्यम, उत्पादनमूलक उद्यम, सेवामूलक व्यवसाय, उत्पादन तथा बजार, साधन एवम् स्रोतको पहिचान, संकलन र प्रयोग लगायतका विषयमा सहजिकरण गरेका थिए । उनीहरुले उद्यम सञ्चालन गर्दा पारिवारिक व्यवस्थापनका साथै परिवारको सल्लाहमा व्यवसाय छनौट गरी वित्तीय अनुशासन कायम गर्ने सन्दर्भमा प्रष्ट पार्दै व्यवसायका लागि लिनुपर्ने ऋण, कर्जा, लगायतका विषयमा समेत जानकारी गराएका थिए ।

नेपाल रेडक्रस सोसाईटी पाल्पाका अध्यक्ष बाबुराम कार्कीले अभिमुखीकरणबाट सिकेका ज्ञान, सीपलाई व्यवहारमा कार्यान्वयन गर्न सहभागी उद्यमीहरूलाई आग्रह गरे । उनले पाल्पामा स्थापना गर्न लागिएको ब्लड बैंक स्थापना र त्यसको औचित्यका विषयमा जानकारी गराउँदै अभियानमा साथ दिन सहभागी महिला उद्यमीहरुलाई आग्रह समेत गरे । कार्यक्रममा महिला समूहका अध्यक्ष र सचिवहरुको सहभागिता रहेको थियो । उनीहरुले कार्यक्रममा सिकेका कुराहरुलाई व्यवहारमा उतार्ने प्रतिबद्धता व्यक्त गरेका छन् । सहकारीका अध्यक्ष भीमसेन कार्कीको अध्यक्षता,उपाध्यक्ष अरुण कुमार श्रेष्ठको स्वागत, यज्ञप्रसाद श्रेष्ठको सञ्चालनमा कार्यक्रम भएको थियो ।

कार्यक्रममा एक सय ५० जना महिला उद्यमीहरुको सहभागिता रहेको सहकारीका व्यवस्थापक प्रकाश रेग्मीले बताए ।

# प्रेस चौतारी पाल्पाद्वारा वक्तृत्वकला प्रतियोगिता



**पाल्पा, वैशाख २६**/प्रेस चौतारी नेपाल पाल्पा शाखाले माविस्तरीय वक्तृत्वकला प्रतियोगिता आयोजना गरेको छ । उसले आफ्नो २५ औं शाखा स्थापना दिवस एवं रजतजयन्तीको अवसरमा शुक्रबार तानसेनमा प्रतियोगिता आयोजना गरेको हो ।

“गुणस्तरीय शिक्षाका लागि सूचना प्रविधीको प्रयोग” विषयक वक्तृत्वकला प्रतियोगिता तानसेनमा भएको हो । प्रतियोगितामा जनता माध्यमिक विद्यालय तानसेनकी छात्रा संयुक्ता थापा प्रथम भएकी छिन भने भैरव नवदिप माध्यमिक विद्यालय छहराकी छात्रा राशी पोखरेल द्वितिय र न्यू होराईजन बोडिङ स्कूल तानसेनकी छात्रा रिया बस्याल तृत्तिय भएकी छन् । प्रतियोगितामा प्रथम भएकी थापाले नगद ५ हजार, द्वितिय भएकी पोखरेलले नगद ३ हजार र तृत्तिय भएकी बस्यालले नगद २ हजारसहित प्रमाणपत्र पाएका छन् । प्रतियोगितामा विजयी तथा सहभागीहरुलाई प्रेस चौतारी नेपाल पाल्पाका संस्थापक अध्यक्ष केशवराज नेपाल, केन्द्रीय सदस्य मिलन विश्वकर्मा, जिल्ला अध्यक्ष कृष्ण कार्की, निर्णायक मण्डलका संयोजक डा. शंकरप्रसाद गैरे, सदस्य सन्तोष खनाल लगायतले पुरस्कार प्रदान गरे । कार्यक्रममा प्रमुख अतिथि एवं प्रेस चौतारीका संस्थापक अध्यक्ष नेपालले प्रेस चौतारी पाल्पाले सधै रचनात्मक कार्यक्रम गर्दै आएको बताए । स्थापना दिवसका अवसरमा कहिले विद्यार्थीहरुलाई पाठ्य सामाग्रीहरु त कहिले पर्यटन प्रवर्द्धन गर्न रानीमहलमा बैठक, कहिले शिक्षासँग सम्बन्धित रहेर कार्यक्रम गर्दै आएको बताए । कार्यक्रममा केन्द्रिय सदस्य मिलन विकले चौतारीले सधै रचनात्मक कामहरु गर्दै आएकोमा र रजत जयन्तीको अवसरमा अहिलेको जल्दो बल्दो विषयमा कार्यक्रम गरेर विद्यालय, शिक्षक र विद्यार्थी तथा सरोकारवाला निकायमा जागरण ल्याउने गरी बहस सञ्चालन गरेको बताए । प्रदेश सचिव कृष्ण पोखरेलले चौतारीले पत्रकारिता भन्दा फरक विद्यामा विद्यार्थीहरुको सिर्जनशिलता बाहिर ल्याउन, उनीहरुलाई एक अर्काबिच प्रतिष्प्रर्धी बनाउन, विषयवस्तुमाथि खोज तथा अनुसन्धानमा दक्ष बनाउनको लागि वक्तृत्वकला प्रतियोगिता महत्वपूर्ण हुने विश्वास व्यक्त गरे ।

प्रतियोगिताका निर्णयक मण्डकका संयोजक डा.शंकर प्रसाद गैरेले प्रेस चौतारी पाल्पाले गरेको वक्तृत्वकला समय सान्दर्भिक शिर्षक छनोट उत्कृष्ट रहेको बताए । वक्तृत्वकलामा सहभागी विद्यार्थीहरुको राम्रा पक्ष तथा आगामी दिनमा सुधार गर्नुपर्ने कुराहरुको बारेमा डा. गैरेले जानकारी गराएका थिए । प्रेस चौतारीका जिल्ला अध्यक्ष कार्कीले शाखाको रजतजयन्ती फरक किसिमको कार्यक्रम गरेर मनाउन माध्यमिक विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता गरेको बताए । शिक्षक विद्यार्थी, अभिभावकहरुबिच सम्बन्ध विस्तार गर्न, उनीहरुका गतिविधीहरु पनि चौतारीमार्फत सार्वजनिक गर्न, विद्यालय तथा विद्यार्थीहरुको क्षमता अभिबृद्धि गर्न प्रतियोगिता गरेको अध्यक्ष कार्कीले बताए । कार्यक्रममा प्रेस चौतारीका कार्यसमिती सदस्य एव प्रतियोगिताका संयोजक खुम बहादुर पौडेलले कार्यक्रमको बारेमा चर्चा गरेका थिए । शाखा अध्यक्ष कार्कीको अध्यक्षता, सचिव दयाराज न्यौपानेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# आईपीएल क्रिकेट एक साताका लागि स्थगित



**काठमाडौं, वैशाख २६**/भारतमा जारी इन्डियन प्रिमियर लिग आईपीएल क्रिकेट एक साताका लागि स्थगित भएको जनाएको छ ।

यसअघि प्रतियोगिता स्थगित भएकोबारे भारतीय सञ्चारमाध्यमहरूमा विभिन्न रिपोर्टहरू आइरहेका थिए। आधिकारिक रूपमा आईपीएलले एक हप्ता स्थगित गरिएको जानकारी दिएको छ। आईपीएल गभर्निङ काउन्सिलले टिम, खेलाडी, प्रसारक, प्रायोजक र दर्शकहरूको धारणा र चिन्तालाई ध्यानमा राख्दै सबै सरोकारवालासँग छलफल गरेर यो निर्णय गरेको जनाएको छ ।

बीसीसीआईले भारतीय सुरक्षाकर्मीहरूमाथि पूर्ण विश्वास रहेको बताउँदै सबैको हितका लागि यो निर्णय लिइएको जनाएको छ । आईपीएलमा बिहीबार ५८औं खेलमा पन्जाब किङ्स र दिल्ली क्यापिटल्सबीच खेल चल्दै गर्दा बीचमै रोकिएको थियो । त्यसबेला फ्लडलाइटको समस्याले गर्दा खेल रोकिएको बताइएपनि पाकिस्तानले भारतको जम्मु क्षेत्रमा आक्रमण गरेको खबर बाहिरिएपछि सुरक्षाका हिसाबले खेल रोकिएको बुझिएको थियो ।

# कोरियाबाट फर्किएर...

... बिहानै फार्ममा पुगेर दूध ब्याक गर्ने, क्यानमा राख्ने, होम डेलिभरी गर्ने र बिक्री नभएको दूधबाट पनिर उत्पादन गर्ने काम दिनहुँ भइरहेको उनको भनाइ छ । अब हरेक युवाले आफ्नै देशमा भविष्य खोज्नुपर्छ भनेर आफूहरू यस कार्यमा लागेको आचार्यले बताए । “कुनै समय कोरियामा राम्रो जीवन बिताएका थियौँ । विदेश गएर अनुभव हासिल गर्नु राम्रो हो तर उतै बसेर हुँदैन । आफ्नो देश र माटो आफ्नै हुन्छ । त्यसैले विदेशबाट फर्किएर हामीले आफ्नै गाउँठाउँमा लगानी गऱ्यो । कृषि क्षेत्रमा लगानी गर्न सके देशमै राम्रो गर्न सकिन्छ”, आचार्य दाजुभाइले एकैस्वरमा भने । हाल यस कार्यबाट चापाकोटका धेरै युवाहरू कृषिप्रति आकर्षित भइरहेका छन् । स्थानीय निकाय र राज्यले कृषिउद्यमलाई सम्मानित तथा प्रोत्साहन बनाउन सहयोग गरे धेरैले यसैमा भविष्य खोज्ने उनीहरूको विश्वास छ ।

“देशमै भविष्य खोजेका कृषकलाई राज्यबाट पर्याप्त सुविधा नभएको महसुस हुन्छ । कहिलेकाहीँ भैँसीलाई मिल्क फिभर जस्ता रोग लाग्छन्, भैँसीको बिमा र स्वास्थ्य उपचार निःशुल्क छैन । अन्य धेरै पालिकाहरूमा प्रतिलिटर दूधमा दुईदेखि १५ सम्म अनुदान दिइए पनि चापाकोट नगरपालिकाले कुनै अनुदान दिएको छैन । यसबारे सोच्नुपर्छ”, सञ्चालक आचार्य दाजुभाइले भने । *-रासस*


# चट्याङ्गबाट बचौं र बचाऔं

आकाशमा विजुली चम्कँदा र गड्याङ्गगुडुङ्ग हुँदा:

- घरभित्रै बसौं,
- रूख वा विजुलीको पोलमुनी नबसौं,
- पौडी खेल्ने, डुङ्गा चलाउने तथा खेतवारीमा काम नगरौं,
- सुरक्षित ओतमा नपुग्दै चट्याङ्ग परे दुवै हातलाई टाउकोमाथि राखी निहुरिएर बसौं,
- टेलिफोन, मोबाईल, टेलिभिजन, चार्जर, कम्प्युटर, फ्रिजजस्ता विद्युतीय उपकरणको प्रयोग नगरौं,
- झ्याल, भर्याङ्ग, बुइगल, बरण्डाको ग्रील, बारलगायतका धातुजन्य वस्तु नछोऔं,

***चट्याङ्ग लागेमा तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा लैजाऔं।***

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



**तानसेन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**तानसेन, पाल्पा**
**लुम्बिनी प्रदेश, नेपाल**

# निजि सरकारी तथा गैसरकारी भवन अभिलेख गर्ने सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८२/०१/१४**

तानसेन नगरपालिका क्षेत्र अन्तर्गतका सम्पूर्ण वडाहरुमा रहेका निजि सरकारी तथा गैसरकारी भवनहरुको अभिलेखीकरणका लागि मिति २०८२/०१/०२ गते बसेको कार्यपालिकाको बैठकले छुट भएका सम्पूर्ण घर भवनहरु एक पटकका लागि तोकिए बमोजिम अभिलेखीकरण गर्ने निर्णय भएकोले सोही प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ । देहायका कागजातहरु संग्लन राखी यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र नगरपालिकाको घर नक्सा शाखामा निवेदन पेस गर्नु हुन सम्पूर्ण सरोकारवालाहरुलाई सुचित गरिन्छ ।

**आवश्यक कागजातहरु :**

१. अभिलेख नक्सा दरखास्त फारम ( किताब ) ।
२. भवन भएको स्थानको जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपि ।
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
४. तिरो तिरेको रसिद ।
५. वडा कार्यालयको सिफारिस ।
६. नापी नक्सा ।
७. घरको नक्सा (Architectural Drawing in A3 sheet) ।



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई